# स्थानीय राजपत्र


## गोकर्णेश्वर नगरपालिका, काठमाण्डौद्वारा प्रकाशित

खण्डः २) काठमाण्डौ, चैत्र २१ गते, २०७५ साल, संख्याः ३१


## भाग२

## गोकर्णेश्वर नगरपालिका
## नगर कार्यपालिका कार्यालयको सूचना

## गोकर्णेश्वर नगरपालिका सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७५

मूल्य रु १०।

**प्रस्तावनाः** विभिन्न कारणले सडकमा आएका बालबालिकाको उद्धार, संरक्षण, मनोसामाजिक विमर्श, सामाजिकीकरण, पारिवारिक पुनःमिलन, पुनःस्थापना तथा पुनःएकीकरणका कार्यक्रम सञ्चालन गरी सडक बालबालिकाको व्यवस्थापनतथा सडकमा बालबालिका नआउने वातावरण सृजना गर्न सञ्चालन गरिने कार्यक्रमको रकम खर्च गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गोकर्णेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐनको दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्तनाम र प्रारम्भः**

(१)यस कार्यविधिको नाम“गोकर्णेश्वर नगरपालिका सडक बालबालिका व्यवस्थापन खर्च कार्यविधि, २०७५” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “प्रदेश र स्थानीयतहको बालअधिकार समिति”भन्नाले बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० बमोजिम गठित समिति सम्झनुपर्दछ ।

(ख) “मन्त्रालय”भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(ग) “राष्ट्रिय बालअधिकार परिषद”भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम गठन हुने परिषद सम्झनुपर्दछ ।

(घ) “विभाग”भन्नाले महिला तथा बालबालिका विभाग सम्झनुपर्दछ ।

(ङ) “बालकल्याण अधिकारी”भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को

दफा ६१ बमोजिम नियुक्तहुने वा तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

(च) “नगरपालिका”भन्नाले गोकर्णेश्वर नगरपालिका सम्झनुपर्दछ ।

(छ) “कार्यक्रम”भन्नाले सडक बालबालिकाको उद्धार, संरक्षण, मनोविमर्श, सामाजिकी करण, पारिवारिक तथा सामाजिक पुर्नस्थापना एवं पुनःएकीकरण सहित सडक बालबालिकाको हितमा कार्य गर्न गराउन सचेतना लगायत बालअधिकारको प्रवर्धन र सडक बालबालिकाको अधिकार तथा भविष्य सुनिश्चित गर्न सरकारी तथा गैरसरकारी निकाय, विकासका साझेदार संस्था र नागरिक समाज सँगको समन्वय, सहयोग र सहकार्यमा सञ्चालन गरिने देहाय काकार्यक्रम सम्झनुपर्दछः-

(१)सडक बालबालिका पहिचान तथा उद्धार,

(२) सम्पर्क गृह सामाजिकीकरण केन्द्र ,

(३) पारिवारिक तथा सामाजिक पुनर्मिलन, पुनःस्थापना र पुनःएकीकरण,

(४) पारिवारीक सहयोग तथा आर्थिक विकास,

(५) सचेतना अभिवृद्धि तथा रोकथाम।

(ज) "सडक बालबालिका"भन्नाले चाबीसै घण्टा वा रातभर वादिनभर वादिनरातको केही समय जीवन निर्वाहका लागि सडकमा आश्रय लिएको निम्नानुसारको बालबालिका सम्भ्कनु पर्दछः-

(१)अभिभावकवा परिवार विहीन भई सडकमा रहेको,

(२) परिवारसँग लामो समयदेखि सम्पर्कमा नरही पूर्णरुपमा सडकमा रहेको,

(३) परिवारसँग समय समयमा सम्पर्कमा रही सडकमा रहेको,

(४) परिवारसँगै सडकमा रहेको,

(५) विपद,द्वन्द्वजस्ता कारण वासस्थान छोडी वा हराएर वा वेवारिस भएर सडकमा नै जीवन निर्वाह गर्न बााध्य भएको,

(६) विभिन्न कारणले परिवारबाट परित्यत्त ञ्भई सडकमा अलपत्र छाडिएको,

(७) विशेष परिस्थिति (पारिवारिक विखण्डन समेत) को कारण एक्लै वा साथीसँगआश्रय लिएकोबालबालिका ।

परिच्छेद-२

## कार्यक्रम सञ्चालन र उद्देश्य

३. **कार्यक्रमको उद्देश्यः**(१) यस कार्यविधि बमोजिम सञ्चालनहुने कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) सडक बालबालिकाको उद्धार, संरक्षण, मनोविमर्श, सामाजिकीकरण, पारिवारीक तथा सामाजिक पुनःमिलन, पुनःस्थापना तथा पुनःएकीकरण गरी सडक बालबालिकालाई सडक जीवनबाट मुक्तगर्नु ,

(ख) बालबालिका सडक बस्नआउने कारणको पहिचान गरी सोको निराकरण गरी बालबालिका सडकमा बस्नआउने क्रमलाई रोक्नु तथा बालबालिका सडकमा बस्नआउने क्रमलाई निरुत्साहनगर्नु,

(ग ) सडक बालबालिका व्यवस्थापन कार्य तथा खर्च गर्ने प्रकृयामा एकरुपता कायमगर्नु ।

४. **कार्यक्रम सञ्चालनगर्ने** :नगरपालिकाले सडक बालबालिकाको उद्धार, संरक्षण, लालनपालन, परिवार तथा सामाजिकपुनःमिलन, पुनःस्थापना तथा पुनःएकीकरण, मनोसामाजिक परामर्श, सामाजिकीकरण

लगायतको कार्यक्रम सञ्चालन गरी सडक बालबालिका व्यवस्थापन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः-

(क) उद्धार गरिएका बालबालिकालाई प्रदेशको समन्वयमा सम्बन्धित स्थानीय तह तथा सामाजिक संघ संस्थाबाट पुनःस्थापनागर्नु पर्ने,

(ख) सडक बालबालिकालाई विभिन्न सचेतना मूलक सन्देश तथा कार्यक्रम सञ्चालन गरी समाजमा बस्ने उपयुक्त वातावरण सिर्जना गर्दै पुनः सडकमा फर्कनबाट रोक्न,

(ग) सडकबालबालिकाको स्वास्थ्य, तथाऔषधिउपचार कार्यको लागि आवश्यक व्यवस्था मिलाउने,

(घ) सडक बालबालिकालाई औपचारिक तथा अनौपचारिक शिक्षा, सीपमूलक तथा अभिमुखीकरण तालिममार्फत सक्षम बनाउने गरी कार्यक्रम सञ्चालनगर्ने,

(ङ) बालबालिका सडकमा आउने कारणको पहिचान गरी सो को

निराकरण गर्न बालबालिका सडकमा आउने क्रमलाई निरुत्साहितगर्ने कार्यक्रम सञ्चालन गर्ने,

(च) सरोकारवाला (सरकारी तथा गैरसरकारी संघ,संस्था, नागरिक समाज) सँग समन्वय, सहजीकरण र सहकार्य गर्ने ।

(२)उपदफा (१) बमोजिमनगरपालिकाले नगरपालिका क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी सो को प्रतिवेदनतयार गरी राख्नु पर्नेछ ।

परिच्छेद-३

## खर्च र लेखापरीक्षण

५ **खर्च र लेखापरीक्षण**:(१) सडक बालबालिका व्यवस्थापनको लागि विभिन्न स्रोतबाट प्राप्तभएको रकम खर्चको प्रचलित कानुन बमोजिम आयव्यय विवरणको लेखा राख्ने तथा आन्तरिक लेखापरीक्षण एवं अन्तिम लेखापरीक्षण गराउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(२)सडक बालबालिकाको व्यवस्थापनको लागि विनियोजित बजेट खर्च गर्दा प्रचलित आर्थिक प्रशासन

सम्बन्धी कानूनले तोकेको खर्चको मापदण्डको र सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ को अधीनमा रही खर्च गर्नुपर्नेछ ।

६. **प्रतिवेदन पेश गर्नेः**(१)नगरपालिकाको विनियोजित बजेट अनुसार कुनकुन क्षेत्रमा के कति रकमखर्च गरियो, सडक बालबालिका व्यवस्थापन मागरिएका सकारात्मक पक्ष तथा कमीकमजोरी समेत विश्लेषण गरी वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछ । त्यसरी तयार गरेको प्रतिवेदनको एक प्रति नगरपालिकाले वार्षिक रुपमा मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ।

(२) नगरपालिकाले सडक बालबालिकाव्यवस्थापन सम्वन्धी गरेका कार्यक्रमको प्रगती प्रतिवेदन, आयव्यय विवरण,मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमातयार गरी प्रदेशको सामाजिक विकास मन्त्रालयमा पठाउनुपर्नेछ ।

परिच्छेद-४

# विविध

७. **<u>कार्यक्रम सञ्चालन सम्बन्धी अन्य० यवस्था:</u>**सडक बालबालिका सम्बन्धीकार्यक्रम सञ्चालन गर्दा सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२ र सडक बालबालिकापहिचानतथा उद्धारका लागिकार्य सञ्चालनपुस्तिका, २०७२ लाई समेत आधार मान्नुपर्नेछ ।

स्वीकृत मितिः२०७५।१२।२१

आज्ञाले,
अग्नि प्रसाद अधिकारी
प्रमुखप्रशासकीयअधिकृत